# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, भदौ १ गते, २०७८ साल (अतिरिक्ताङ्क १४


## भाग १

गण्डकी प्रदेश सरकार

**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय**

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं. ०९

**गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार तुल्याउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण, संवर्द्धन र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले संघीय ऐनको दफा ११ बमोजिमको राष्ट्रिय सूचना आयोग सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ङ) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको सूचना तथा सञ्चार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनु पर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट सङ्कलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्य-दृश्य सामग्री समेतलाई जनाउँछ।

(ज) "संघीय ऐन" भन्नाले सूचनाको हक सम्बन्धी ऐन, २०६४ सम्झनु पर्छ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ञ) "सार्वजनिक निकाय" भन्नाले देहाय बमोजिमका निकाय वा संस्था सम्झनु पर्छः-

(१) नेपालको संविधान बमोजिम गण्डकी प्रदेशमा स्थापना भएका निकाय,

(२) प्रदेश ऐनद्वारा गण्डकी प्रदेशमा स्थापित निकाय,

(३) प्रदेश सरकारद्वारा गठित निकाय,

(४) प्रदेश कानूनद्वारा गण्डकी प्रदेशमा स्थापित सार्वजनिक सेवा प्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान,

(५) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त सङ्गठित संस्था,

(६) प्रदेश कानून बमोजिम गण्डकी प्रदेशमा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था,

(७) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदेश सरकार वा विदेशी राष्ट्र वा अन्तराष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैर सरकारी संघ/संस्थाहरु,

(८) संविधान तथा संघीय कानून बमोजिम प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणबाट सम्पन्न गर्नु पर्ने कार्यक्रमसँग सम्बन्धित प्रदेशभित्र रहेका नेपाल सरकारका निकाय,

(९) नेपालको संविधान, संघीय कानून तथा प्रदेश कानून बमोजिम प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणबाट सम्पन्न गर्नु पर्ने नीति, कानून तथा कार्यक्रमसँग सम्बन्धित प्रदेशभित्र रहेका स्थानीय तह अन्तर्गतका निकाय वा संस्था,

(१०) स्थानीय तह वा त्यसका कार्यालयहरु,

(११) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदानबाट सञ्चालित सामुदायिक विद्यालय, विश्वविद्यालय, अस्पताल लगायतका निकायहरु,

(१२) प्रचलित कानून बमोजिम दर्ता भएका राजनैतिक दल तथा सङ्गठन,

(१३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको आंशिक वा पूर्ण स्वामित्व रहेका वा वित्तीय सहयोगमा

सञ्चालित सामुदायिक, सामाजिक, प्राज्ञिक वा वित्तीय संस्था वा निकाय,

(१४) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था।

(ट) "सार्वजनिक महत्व" भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनु पर्छ।

(ठ) "सूचना" वा “सार्वजनिक सूचना” भन्नाले देहायको सूचना सम्झनु पर्छः-

(१) सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सम्बन्धित नागरिकसँग सरोकार राख्ने वा सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी,

(२) सार्वजनिक निकाय वाहेकका निकाय, सेवा प्रदायक, प्रचलित कानून बमोजिम गठन भएका उपभोक्ता समिति, आमा समुह, युवा क्लब, टोल विकास संस्था वा यस्तै प्रकृतिका अन्य समूहसँग रहेका सार्वजनिक सरोकारको सूचना।

तर, सार्वजनिक सूचनामा देहायको सूचना सम्बन्धी विषय पर्ने छैनः-

(क) कुनै व्यक्तिको वैयक्तिक सूचना

(ख) कुनै व्यक्तिको आवास, सम्पत्ति, चरित्र, लिखत, तथ्याङ्क, पत्राचार, निजी जीवन, शारीरिक तथा मानसिक अवस्था।

(ड) "सूचना अधिकारी" भन्नाले दफा १४ को उपदफा (१) बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सहायक सूचना अधिकारी समेतलाई जनाउँछ।

(ढ) "सूचना पाटी" भन्नाले दफा ८ बमोजिमको सूचना पाटी सम्झनु पर्छ।

(ण) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्रका गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ।

(त) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित गैर सरकारी वा निजी वा सहकारी वा गैर नाफामूलक सामुदायिक स्वास्थ्य संस्था समेतलाई जनाउँछ।

३. **<u>उद्देश्यः</u>** यस ऐनको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) सूचनाको हकको प्रचलन गराउनु,

(ख) सार्वजनिक सूचनामा सरोकारवालाको पहुँच पुऱ्याउनु,

(ग) सूचना र सूचनादाताको संरक्षण गर्नु,

(घ) सूचनाको वर्गीकरण गर्नु,

(ङ) सूचना प्रवाहमा संलग्न सार्वजनिक निकाय, सार्वजनिक सेवा प्रदायक तथा अधिकारीलाई पारदर्शी र जवाफदेही बनाउनु,

(च) नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउनु,

(छ) राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्नु।

## परिच्छेद-२
## <u>सूचनामा पहुँच तथा प्रवाह सम्बन्धी व्यवस्था</u>

४. **<u>सूचनामा पहुँच तथा प्रवाह सम्बन्धी व्यवस्थाः</u>** (१) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सबै सूचनामा पहुँच हुनेछ।

(२) सार्वजनिक निकायमा रहेको व्यक्तिगत सूचनामा यस ऐन तथा प्रचलित कानूनको अधिनमा रही सरोकारवालाको मात्र पहुँच हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायको विषय सम्बन्धी सूचना प्रवाह गरिने छैनः-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबिचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने।

तर त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन।

(४) सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।

५. <u>**सार्वजनिक निकायको दायित्वः**</u> (१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका कार्य गर्नु सार्वजनिक निकायको दायित्व हुनेछः-

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने, गराउने,

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(ग) आफ्नो काम कारबाही खुला र पारदर्शी रुपमा गर्ने,

(घ) आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने।

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट समेत गर्न सक्नेछ।

(४) सार्वजनिक निकायले नवीन तथा असल अभ्यासका माध्यमबाट समेत सूचना प्रवाह गर्न सक्नेछ।

६. **सार्वजनिक सूचना प्रवाह गर्नु पर्नेः** सार्वजनिक निकाय बाहेकका निकाय, सेवा प्रदायक, प्रचलित कानून बमोजिम गठन भएका उपभोक्ता समिति, आमा समूह, युवा क्लब, टोल विकास संस्था, गैर सरकारी संस्था वा यस्तै प्रकृतिका अन्य समूहले आफूसँग रहेका सार्वजनिक सरोकारको सूचना प्रवाह गर्नु पर्नेछ।

७. **सूचनाको अद्यावधिक र प्रकाशनः** (१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निकायले अद्यावधिक सूचना प्रकाशन गर्दा त्यस्तो निकायसँग सम्बन्धित देहायका सूचना समेत सूचीकृत गरी चौमासिक रुपमा प्रकाशन गर्नु पर्नेछः-

(क) निकायको स्वरुप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण,

(ड) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण,

(ढ) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय,

(ण) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

(त) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि,

(थ) विगतमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,

(द) तोकिए बमोजिमका अन्य विवरण।

(३) सार्वजनिक निकायले उपदफा (२) बमोजिमको सूचना प्रकाशन गर्दा आवश्यकता अनुसार सम्पादन गर्न सकिने स्वरूपमा युनिकोड फन्टमा उपलब्ध गराउन सक्नेछ।

**स्पष्टीकरणः** सम्पादन गर्न सकिने स्वरूप भन्नाले कम्प्युटर एप्लिकेशन जस्तैः माइक्रोसफ्ट वर्ड, एक्सल वा यस्तै प्रकृतिको फाइलको स्वरूप सम्झनुपर्छ।

(४) सार्वजनिक निकायमा रहेको सूचनामा कसैको प्रतिलिपि वा प्याटेन्ट सम्बन्धी अधिकार रहेको भए त्यस्तो सूचना माग गर्दा प्रचलित कानून बमोजिम अनुमति लिनु पर्नेछ।

८. **सूचना पाटीको व्यवस्थाः** (१) प्रत्येक सार्वजनिक निकायले सबैले देख्ने ठाउँमा सूचना पाटीको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना पाटीमा सार्वजनिक निकायले महत्त्वपूर्ण सूचना, स्वतः प्रकाशन गर्नु पर्ने सूचनाको प्रकाशन तथा अद्यावधिक गर्नु पर्नेछ।

(३) सार्वजनिक निकायले आफ्नो वेबसाइटमा समेत सूचना पाटीको छुट्टै पोर्टल बनाई सूचना प्रकाशन गर्नु पर्नेछ।

९. **विद्युतीय माध्यमबाट सूचना प्रवाह गर्नेः** (१) सूचना माग गर्ने व्यक्ति वा निकायले सार्वजनिक निकाय वा अधिकारीसँग सूचनाको माग गर्दा विद्युतीय माध्यमबाट समेत माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग भएको सूचना सार्वजनिक निकाय वा अधिकारीले सम्भव भएसम्म विद्युतीय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ।

१०. <u>**सार्वजनिक सेवा प्रवाह सम्बन्धी सूचना प्रवाह गर्नु पर्नेः**</u> (१) सेवाग्राहीको भिडभाड बढी हुने निकायले सार्वजनिक सेवा प्रवाह गर्ने दैनिक क्षमता, टोकन प्रणाली भएमा जम्मा वितरण हुने वा उपलब्ध हुने टोकनको विवरण समेत सूचना बोर्डमा र सम्भव भएसम्म वेबसाइट, मोबाइल एप जस्ता माध्यमबाट समेत प्रवाह गर्नु पर्नेछ।

(२) सेवाग्राहीको भिडभाड बढी हुने निकायले सेवा प्राप्त गर्ने कार्यविधि, सेवा प्राप्त गर्न पेस गर्नु पर्ने निवेदन, आवश्यक कागजातको विवरण, सेवा वापत लाग्ने दस्तुर आदिको विवरण संलग्न टेम्पलेट प्रकाशन गरी सम्भव भएसम्म वेबसाइट, मोबाइल एपको माध्यमबाट समेत उपलब्ध गराउनु पर्नेछ।

११. <u>**राजपत्रमा प्रकाशन गर्नु पर्नेः**</u> (१) गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएका नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, गठन आदेश वा आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) स्थानीय तहले बनाएको नियमावली, कार्यविधि, निर्देशिका, गठन आदेश वा आदेश स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१२. <u>**वेबसाइटमा प्रकाशन गर्नुपर्नेः**</u> मन्त्रालयस्तरबाट स्वीकृत भएका कार्यविधि, निर्देशिका वा मापदण्ड सम्बन्धित निकायले आफ्नो वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ।

१३. <u>**सार्वजनिक सुनुवाई गर्नु पर्नेः**</u> सार्वजनिक निकायले सार्वजनिक सूचनामा पहुँच नभएका सरोकारवाला व्यक्ति, समुदायसँग सम्बन्धित सूचना लक्षित वर्गसम्म पुग्ने गरी आवश्यकता अनुसार सार्वजनिक सुनुवाईका माध्यमबाट सूचना प्रवाह गर्नु पर्नेछ।

१४. <u>**सूचना अधिकारी तोक्नु पर्नेः**</u> (१) सार्वजनिक निकायले आफ्नो निकायमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारी तोक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना अधिकारी तोक्दा प्रमुखले सार्वजनिक निकायमा कार्यरत आफूभन्दा दोस्रो वा तेस्रो तह मुनिको अधिकारीलाई तोक्नु पर्नेछ।

(३) सार्वजनिक निकायले आवश्यकता अनुसार सूचना अधिकारी भन्दा एक तह मुनिको अधिकारीलाई सहायक सूचना अधिकारी तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनको लागि प्रमुखले आफ्नो निकायका सूचना नियमित रुपमा सूचना अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ।

१५. **गुनासो किताबः** सार्वजनिक निकायले गुनासो किताबको व्यवस्था गर्नु पर्नेछ र जुनसुकै माध्यमबाट प्राप्त भएका गुनासो टिपोट गरी आवश्यकता अनुसार फछ्र्यौट गर्नु पर्नेछ।

१६. **सरोकारवालालाई जानकारी दिनु पर्नेः** (१) सेवाग्राहीको अत्याधिक चाप हुने सार्वजनिक निकायले सेवासँग सम्बन्धित सेवाग्राहीले पेस गरेको निवेदन सम्बन्धमा त्यस्तो निवेदन माथिको कारबाहीको स्थिति सम्बन्धी विवरण सम्भव भएसम्म लिखित वा मौखिक वा टेक्स सन्देश वा विद्युतीय माध्यमबाट जानकारी दिने व्यवस्था मिलाउनु पर्नेछ।

(२) विद्युत, टेलिफोन, इन्टरनेट, केवल, खानेपानी सेवा उपलब्ध गराउने सेवा प्रदायक निकायले सेवा अवरुद्ध हुने भएमा सो को पुर्व सूचना सेवाग्राही वा सरोकारवालालाई दिनु पर्नेछ।

(३) बैङ्क तथा वित्तीय संस्था र सहकारीले आफ्नो सेवासँग सम्बन्धित सूचना तथा जानकारी सेवाग्राही तथा सरोकारवालालाई दिनु पर्नेछ।

## परिच्छेद-३

## विविध

१७. **सूचनाको संरक्षणः** (१) सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरीराखु पर्नेछ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरु देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमति बिना प्रयोग गर्न हुँदैनः-

(क) कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने सम्बन्धमा,

(ख) प्रचलित कानून बमोजिम प्रकट गर्नु पर्ने विषय भएमा,

(ग) भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा।

१८. **सूचनादाताको संरक्षणः** (१) सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिने सूचनादाताको पहिचान गोप्य राखु सूचना प्राप्त गर्ने व्यक्तिको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानूनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानि नोक्सानी पुऱ्याउन पाइने छैन।

(४) उपदफा (३) विपरीत हुने गरी सूचनादातालाई सजाय गरेमा वा हानि नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको माग सहित आयोगमा उजुरी गर्न सक्नेछ।

१९. **व्यक्तिगत सूचना उपलब्ध गराउने**: (१) कुनै व्यक्तिले सार्वजनिक निकायमा बहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भए बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेको आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ।

२०. **सूचनाको दुरुपयोग गर्न नहुने**: (१) कसैले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना दुरुपयोग गर्न हुँदैन।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि सूचनाको दुरुपयोग भन्नाले सूचनालाई अनावाश्यक तोडमोड गरी प्रचार तथा प्रकाशन गर्ने, अपूर्ण र गलत अर्थ लाग्ने गरी प्रकाशन गर्ने, व्यक्तिगत प्रयोजनका लागि भनी सूचना प्राप्त गरी सार्वजनिक रूपमा प्रकाशन गर्ने लगायतका कार्यहरु सम्झनु पर्छ।

(२) कसैले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सो प्रयोजनको लागि प्रयोग नगरी दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले त्यसरी सूचना दुरुपयोग गरेको जानकारी भएको मितिले पैंतीस दिनभित्र आयोग समक्ष उजुरी गर्न सक्नेछ।

२१. **सामुदायिक विद्यालयले सूचना प्रवाह गर्नु पर्ने:** (१) सामुदायिक विद्यालयले त्यस्तो विद्यालयसँग सम्बन्धित सूचना वा विवरण प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा विद्यालयमा रहेको शिक्षक तथा कर्मचारीको दरबन्दी संख्या, कार्यरत शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, विद्यालयको आर्थिक स्रोतको अवस्था लगायतका विषय उल्लेख गर्नु पर्नेछ।

(३) सामुदायिक विद्यालयले दैनिक रुपमा शिक्षक तथा विद्यार्थीको दैनिक उपस्थितिको विवरण, अनुपस्थित शिक्षकको नाम तथा अनुपस्थित हुनु पर्नाको कारण समेत उल्लेख गरी सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) सामुदायिक विद्यालय वाहेकका निजी तथा अन्य क्षेत्रबाट सञ्चालित विद्यालयले समेत त्यस्तो विद्यालयसँग रहेको जनशक्तिको विवरण, शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, विद्यालयले लिने शुल्क, विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति, छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको विवरण लगायतका सूचना सरोकारवालाले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ।

२२. **स्वास्थ्य संस्थाले सूचना प्रकाशन गर्नु पर्नेः** (१) स्वास्थ्य संस्थाले त्यस्तो संस्थासँग सम्बन्धित सूचना वा विवरण प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा स्वास्थ्य संस्थामा रहेको स्वास्थ्य सेवासँग सम्बन्धित स्रोतसाधनको विवरण र अवस्था, स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिको दरबन्दी विवरण, कार्यरत जनशक्तिको नाम, योग्यता, विज्ञता, उपलब्ध हुने सेवा, निशुल्क उपलब्ध हुने सेवा तथा औषधि आदिको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले दैनिक रुपमा उपलब्ध हुने डाक्टर, नर्सको नाम र समय, दैनिक सेवा लिएका व्यक्तिको सङ्ख्या, त्यस्तो संस्थामा भर्ना भएका बिरामीको सङ्ख्या, जम्मा बेड सङ्ख्या, खाली बेड सङ्ख्या लगायतका विवरण प्रकाशन गर्नु पर्नेछ।

२३. **सम्भावित जोखिम सम्बन्धी सूचना दिनु पर्नेः** (१) सम्भावित जोखिम सम्बन्धी पूर्व सूचना प्रणालीमा आबद्ध निकायले प्रकृतिजन्य प्रकोप वा विपत् वा महामारीको जोखिम हुन सक्ने भएमा त्यस्तो प्रकोप वा विपत् वा महामारीको जोखिम नियन्त्रण र न्यूनीकरण गर्न उच्च सतर्कता सम्बन्धी सूचना समयमै सरोकारवाला तथा सम्भावित जोखिमक्षेत्रका बासिन्दालाई अनिवार्य रुपमा जुनसुकै माध्यमबाट दिनु पर्नेछ।

(२) सडक, विद्युत, टेलिफोन, नहर लगायतको पूर्वाधार निर्माण तथा मर्मतको कार्यबाट हुन सक्ने सम्भावित जोखिम सम्बन्धमा सरोकारवालालाई सम्बन्धित निकायले पूर्वसूचना दिनु पर्नेछ।

२४. **उपभोक्ता समिति, क्लब, आमा समूह, टोल विकास संस्था, गैर सरकारी संस्थाले सूचना प्रकाशन गर्नु पर्नेः** (१) प्रचलित कानून बमोजिम गठन भएका उपभोक्ता समिति, क्लब, आमा समूह, टोल विकास संस्था, गैर सरकारी संस्था लगायतका अन्य

सार्वजनिक सरोकार रहने समिति, समूह वा संस्थाले सो सँग सम्बन्धित विवरण सरकारी, गैर सरकारी निकाय वा व्यक्तिबाट प्राप्त आम्दानी, खर्च तथा आर्थिक स्थितिको विवरण त्रैमासिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण सम्बन्धित सरोकारवालाको उपस्थितिमा सार्वजनिक भेला वा सुनुवाई गराई वार्षिक रुपमा समेत प्रवाह गर्नु पर्नेछ।

२५. **सार्वजनिक सेवा प्रदायक व्यक्ति, समूह वा संस्थाले सूचना प्रवाह गर्नु पर्नेः** (१) सार्वजनिक सेवा प्रदायक व्यक्ति, समूह वा संस्थाले आफूले प्रदान गर्ने सार्वजनिक सेवासँग सम्बन्धित सूचना सरोकारवालाले देख्ने ठाउँमा प्रकाशन गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि सार्वजनिक सेवा प्रदायक व्यक्ति, समूह वा संस्था भन्नाले सरकारी वा सार्वजनिक सेवा प्रदायक बाहेकका सार्वजनिक सरोकारसँग सम्बन्धित सेवा प्रवाह गर्ने सेवा प्रदायक सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको सूचनामा सेवा प्रदान गर्ने यन्त्र, उपकरण, साधन, जनशक्ति आदिको सामान्य जानकारी, त्यस्तो यन्त्र, उपकरण वा साधन बनेको साल, क्षमता, मर्मत सम्भारको स्थिति, सेवा शुल्क लगायतको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको विवरणको नमुना तयार गर्ने, सूचना प्रवाह गरे नगरेको अनुगमन गरी सो को प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने कार्य सम्बन्धित मन्त्रालय वा निकायले गर्नेछ ।

२६. **सूचना सच्याउन सकिने**ः (१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनको लागि आवश्यक प्रमाण सहित सम्बन्धित प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

२७. **असल नियतले गरेको कामको बचाउ**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन।

२८. **<u>कारबाही गर्न बाधा नपर्ने:</u>** यस ऐनको दफा २१, २२, २३, २४ र २५ बमोजिम सूचना प्रवाह नगर्ने निकाय, सेवा प्रदायक, उपभोक्ता समिति, क्लब, आमा समूह वा टोल विकास संस्था वा सो को पदाधिकारीलाई सम्बन्धित नियमनकारी निकाय वा पदाधिकारीले प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

२९. **<u>यसै ऐन बमोजिम हुने</u>**ः यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा संघीय ऐन बमोजिम हुनेछ।

३०. **<u>नियम, निर्देशिका तथा कार्यविधि बनाउने अधिकार</u>**ः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐन तथा उपदफा (१) बमोजिम बनेको नियमावलीको अधिनमा रही प्रदेश सरकारले आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः २०७९।०५।०१

आज्ञाले,
शम्भु राज रेग्मी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.२५।-